अनुसूची ४

# सन् २०१९ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको क्षेत्रमा पृथक पहिचान बनाएको छ। यस संस्थाबाट प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तकन्न प्रकाशन हुँदै आएको छ। यस प्रकाशनमार्फत अधिकार र मानव अधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक हुनु सकारात्मक पक्ष हो। मानव अधिकारको सम्मानमा नै व्यक्ति वा समुदायको विकास सम्भव छ। बिनासीमा, बिनाभेदभाव, सबैका लागि, सधैँका लागि लागु हुने भएकाले यो सबैको चासो र सरोकारको विषय हो । जहाँ मानव अधिकारको सम्मान हुँदैन, त्यहाँ अराजकताको स्थिति सिर्जना हुन्छ। मानव अधिकार संस्कृतिको विकासबिना सभ्य समाजको परिकल्पना गर्न सकिँदैन। मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा आयोग मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र संस्कृति विकासका लागि निरन्तर क्रियाशील रहिआएको छ। नेपालको संविधानको धारा २४९ (१) (२) (३) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ।

नेपाल मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र हो। महासन्धिका प्रावधानहरूलाई सम्बोधन गर्ने गरी नेपालको संविधान तथा कानुनमा मानव अधिकारका विषयलाई विशेष स्थान दिएको छ। ती प्रावधान कार्यान्वयनका लागि विभिन्न संयन्त्रमार्फत कार्य भइआएको छ। सङ्घीय संरचनाभित्र मुलुकमा ३ तहको सरकार सञ्चालन भइरहेको छ। संविधान कार्यान्वयनका लागि आवश्यक ऐनहरूको निर्माण निरन्तर भइरहेको छ। संविधानमा नै मानव अधिकारसम्बन्धी विषयगत संवैधानिक आयोगको स्थापना भई केही पदाधिकारी नियुक्त भएका छन्। यी र यस्ता कार्य मानव अधिकारको दृष्टिकोणबाट सकारात्मक प्रयत्न हुन्।

यी प्रयत्नका बाबजुद समग्र मानव अधिकारको अवस्था अझै सन्तोषजनक मान्न कठिन छ। शान्ति प्रक्रिया अहिलेसम्म पनि निष्कर्षमा पुग्न सकेको छैन। यसको प्रत्यक्ष मार द्वन्द्वपीडितमा पर्न गएको छ। संविधानमा उल्लिखित मौलिक हक कार्यान्वयनका लागि ऐन निर्माण गरिए पनि कार्यान्वयन हुन सक्ने अवस्था छैन। संविधानतः गठन गरिएका विषयगत आयोग र राष्ट्रिय मानव अधिकार आयोगबीचको क्षेत्राधिकारबारे प्रश्नहरू ज्युका त्युँ छन्। संविधानप्रदत्त ३ तहबीचको साझा अधिकारसम्बन्धी कानुन निर्माण हुन सकेको छैन।

सङ्घीय संरचनाअनुसार आयोगले तय गरेको आयोगको साङ्गठिनक संरचना करिब डेढ वर्षदेखि प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको छ। यसको प्रत्यक्ष प्रभाव आयोगको काम/कारबाहीमा पर्न गएको अवस्था छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ लाई संशोधन गर्न ल्याइएको विधेयकले आयोगको स्वतन्त्रता र स्वायत्ततामा प्रहार गर्ने देखिन्छ। प्रस्तावित विधेयकमा आयोगलाई केन्द्रमा खुम्च्याउने, मुद्दा चलाउने अधिकार महान्यायाधिवक्ताको तजबिजीमा रहने, आर्थिक स्वायत्ततामा अङ्कुश लगाउने प्रकृतिका प्रावधान राखिएका छन्। त्यसैगरी मिडिया काउन्सिल विधेयकमार्फत सञ्चार जगतलाई सरकारको मातहत ल्याउन खोजिएको देखिन्छ।

नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको कार्यान्वयनमा पनि उत्तिकै व्यवधान छन्। समाजमा जातीय भेदभाव अहिले पनि विद्यमान छ। स्वास्थ्य सेवामा सबैको पहुँच पुग्न नसकेको स्थिति छ। वैदेशिक रोजगारमा कार्यरत आप्रवासी कामदारहरूको अधिकार सुरक्षित हुन सकेको छैन। उनीहरूमाथि हुने श्रम शोषण, घरेलु हिंसा आदि कारण जनजीवन असहज अवस्थामा छ। बाढी र भूकम्पबाट प्रभावितहरूको अवस्था अहिले पनि दयनीय छ। सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिकहरूको विषयमा राज्यले विशेष ध्यान दिनुपर्नेमा सो हुन सकेको छैन। भ्रष्टाचारजन्य गतिविधि र सुशासन कायम हुन नसक्दा

आममानिस आक्रान्त छन् । फलतः ती वर्ग एवं समुदायका अधिकार पूर्णतः सुरक्षित हुन सकेका छैनन्।

यस आवमा पनि आयोगबाट मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि उजुरी ग्रहण, अनुगमन र अनुसन्धानलगायतका कार्य सम्पन्न भएका छन् । संवर्द्धनसम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, छलफल आदि कार्यक्रम भएका छन् । मानव अधिकारसँग बाझिएका कानुनहरूको पुनरावलोकन भएको छ । विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन, प्रेस नोट र प्रेस विज्ञप्ति जारी हुँदै आएको छ। सञ्चार माध्यममार्फत मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारण भइरहेका छन् । आयोगबाट आवश्यकता र औचित्यताका आधारमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा कार्य हुँदै आएको छ।

यस आर्थिक वर्षमा आयोगले गरेको मानव अधिकारको संरक्षण र संवर्द्धनात्मकलगायतका कार्यहरूबाट विभिन्न उपलब्धि हासिल गरेको छ। यस आवमा आयोगमा जम्मा २३२ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी ६०० उजुरीमाथि अनुसन्धान र २७७ पटक अनुगमन सम्पन्न भएको अवस्था छ। आयोगबाट यस वर्ष जम्मा ८२५ उजुरीउपर निर्णय भएको छ। आयोगबाट 'सबैका लागि घर–घरमा मानव अधिकार : शान्ति र विकासको आधार' भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्द्धन कार्यलाई विशेष प्राथमिकतामा राखेर कार्य गरेको छ।

यस वर्ष २१९ वटा संवर्द्धनसम्बन्धी कार्य भएकामा सहकार्य र समन्वयमा ५६ रहेका छन्। यस्तै मानव अधिकारसँग आबद्ध सङ्घ/संस्थाद्वारा आयोजित ४१ कार्यक्रममा स्रोत व्यक्ति/विषय विज्ञ, २७६ कार्यक्रममा विशेष अतिथि तथा अतिथि र सहभागीका रूपमा उपस्थिति जनाएको छ । आयोगबाट आन्तरिकरूपमा तालिम, गोष्ठी, अन्तर्क्रिया आदि ४८ कार्यक्रम सम्पन्न भएका छन्। यस अविधमा आयोगबाट २६ प्रकाशन, ३० प्रेस विज्ञप्ति र २३ प्रेस नोट जारी भएका छन्। यस अवधिमा आयोगबाट मानव अधिकारमैत्री कानुन निर्माणका लागि विधेयकमाथि सुझावका साथै कानुन पुनरावलोकन गरी सम्बन्धित निकायमा पठाएको थियो। यसमा सत्य निरूपण तथा बेपत्ता पारिएका व्यक्ति छानबिन आयोग ऐन, २०७१ को संशोधनका लागि प्रस्तावित विधेयक, वातावरण संरक्षणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५ छन्। त्यस्तै किसानका अधिकारसँग सम्बन्धित व्यवस्थाहरू, विपद् जोखिम तथा न्यूनीकरण ऐन, २०७४, राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्ने विधेयक, २०७५ र आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि रहेका समुदायको शिक्षाको अधिकारसँग सम्बन्धित छन्।

विगत वर्षमा झैँ यस आवमा पनि आयोगले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र संस्कृति विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयमा रही कार्य गर्दै आएको छ। राष्ट्रिय तहमा राष्ट्रपतिको कार्यालय, नेपाल सरकार, व्यवस्थापिका संसद्, विषयगत संवैधानिक आयोग, राजनीतिक दल, नागरिक समाज, गैसस, व्यवसायिक सङ्घ/सङ्गठन आदि छन् । अन्तर्राष्ट्रिय तहमा मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्था र दातृ निकाय, राजदूतावास, अन्तर्राष्ट्रिय गैसस छन्। आयोगको तर्फबाट Asia Pacific Forum of National Human Rights Institutions (APF) तथा Global Alliance of the National Human Rights Institutions (GANHRI) को आयोजनामा हुने सम्मेलन तथा बैठक कार्यक्रममा आयोगको तर्फबाट उपस्थिति साथै मानव अधिकारको विषयमा नेपालमा भएका राम्रा व्यवस्था, कार्य तथा अनुभव आदान–प्रदान भइरहेको छ। राष्ट्रिय मानव अधिकार आयोग नेपाल यसको स्थापनाकालदेखि नै निरन्तर 'क' श्रेणीमा रहिआएको छ।

उपलब्धिका बाबजुद आयोग चुनौतीरहित छैन। दण्डहीनताको अवस्था अहिले पनि विद्यमान छ। आयोगका सिफारिस कार्यान्वयन नहुनु, सरकारबाट अपेक्षित सहयोग प्राप्त नहुनु, कानुनी अपर्याप्तता, भूकम्पबाट क्षतिग्रस्त आयोगको भवन अझैं बन्न नसक्नुबाट भौतिक पूर्वाधारको अभावमा आयोगले काम गर्नुपरेको अवस्था छ । सङ्घीय संरचनाअनुसार आयोगबाट पारित साङ्गठनिक संरचना विगत डेढ वर्षदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा थन्क्याइनु, आयोगको स्वतन्त्रता र स्वायत्ततालाई चुनौती दिँदै नयाँ विधेयक छलफलमा ल्याइनुलाई विडम्बना नै मान्नुपर्छ। यी विषयलाई सकारात्मकरूपमा सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीका बीच आयोग संविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित

भई विगतबाट अनुभव हासिल गर्दै अफ्ना काम/कारबाहीलाई समयानुकूल अगाडि बढाउन निरन्तर क्रियाशील रहिआएको छ।

यी उपलब्धि र चुनौतीबीचबाट अगाडि बढ्नुपर्ने अहिलेको आवश्यकता हो । आवश्यकताअनुसार समन्वय र सहकार्यले मानव अधिकारका सम्मान, संरक्षण र परिपालनामा टेवा पुग्छ। यसको लागि आयोग सदैव तत्पर रहिआएको छ । अन्त्यमा, म पुनः यस सराहनीय कार्यका लागि इन्सेक परिवारलाई शुभकामनासहित धन्यवाद व्यक्त गर्छु।

**वेदप्रसाद भट्टराई**
सचिव/प्रवक्ता

## राष्ट्रिय महिला आयोग

नेपालको संविधान २०७२ ले लैङ्गिक विभेद अन्त्य गर्ने सङ्कल्पसहित महिला हक सुनिश्चित गर्दै महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक र राज्यका सबै निकायमा समानुपाति समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकलगायत थुप्रै हक अधिकारको व्यवस्था गरेको छ । राष्ट्रिय महिला आयोगलाई संवैधानिक निकायका रूपमा स्थापित गरिएको छ।

राष्ट्रिय महिला आयोग २०५८ सालमा स्थापना हुँदा महिलाको हक, अधिकारको संरक्षण र संवर्द्‌न गर्दै लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक समानता कायम गर्ने उद्देश्य लिएर भएको थियो। आयोगले संवैधानिक मान्यता प्राप्त गरेसँगै देशको आधा जनसङ्ख्यामा रहेका महिलासँग आयोगको सहकार्य पछिल्लो समय निकै गहन र व्यापक हुँदै गएको छ।

आयोगले महिला हिंसा न्यूनीकरण, महिला सशक्तीकरण, सिप विकास, जनचेतना अभिवृद्धिलगायतका क्षेत्रमा अनगुमन तथा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसका साथै आयोगले आफ्नो प्रतिवेदनमार्फत नेपाल सरकारलाई सुझावहरूसमेत दिँदै आएको छ। आयोगको प्रदेश र स्थानीय तहगत संरचना स्थापित गरेर संवैधानिक जिम्मेवारी र दायित्वलाई अझ विस्तार गर्ने लक्ष्य रहे तापनि सरकारले स्थापनार्थ निर्णय नगरिदिँदा सो स्थापना कार्यमा केही ढिला हुन गए तापनि विगतका स्थानीय यथार्थ अवस्था र समस्याहरूको सम्बोधन गर्ने, महिला हक अधिकार प्रवर्द्धन गर्ने र विशेषतः महिला हिंसा रोकथाम र महिला अधिकार सुरक्षाका लागि विभिन्न कार्य गर्दै विभेद न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

आयोगले संवैधानिक, कानुनी र प्रशासनिक विषयहरूबारे सरोकारवालालाई सुसूचित गर्दै आएको छ। यसबाट स्थानीय तहका जनप्रतिनिधिलाई महिलाको हक/हितका विषयमा जानकारी गराउने अवसर प्राप्त भएको छ । सेवाग्राहीहरूलाई पनि महिला आयोग र यसले प्रदान गर्ने सेवाबारे जानकारी दिलाउन सकिएको छ। आयोगले महिला हिंसा न्यूनीकरण र सुरक्षा तथा रोकथामका लागि विगत ३ वर्षदेखि आयोगकै परिसरभित्र हेल्पलाइन सेवा सञ्चालन गर्दै आएको छ। यसले गर्दा हिंसापीडित महिलाले आफ्ना समस्या तथा गुनासो टेलिफेन नम्बर ११४५ मार्फत राख्न पाएका छन् । उनहरूलाई यस सेवाबाट सन्तुष्ट हुने अवसर मिलेको छ। यस सेवालाई प्रदेशस्तरमा विस्तार गर्नुपर्ने सुझावसमेत पाइएको छ। यसलाई आयोगले निरन्तरता दिन प्रयास गर्नेछ।

लामो समयदेखि पदाधिकारीविहीन वर्तमान अवस्थामा पनि प्रशासकीय नेतृत्वबाट आयोगको जिम्मेवारी पूरा गर्न र भूमिका वृद्धि गर्न सक्दो प्रयास हुँदै आएको छ। यस्तो प्रयासले भविष्यमा निरन्तरता पाउने नै छ। आयोग महिला अधिकार प्रवर्द्धन तथा महिला हिंसा रोकथाम र सुरक्षाका क्षेत्रमा कार्यरत सबै क्षेत्र र सङ्घ/संस्थासँग समन्वय र सहकार्य गर्न इच्छुक छ।

राष्ट्रिय महिला आयोगमा दर्ता हुने हिंसाका घटनाका साथै देशभरि नै महिला हिंसाको सङ्ख्या वृद्धि भएको छ। मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष मानव अधिकार उल्लङ्घनका घटना उजागर गरेर सबै निकायलाई झक्झकाउने प्रयास गर्दै आएको छ। यो काम एकदमै सराहनीय छ । आगामी दिनमा मानव अधिकार उल्लङ्घनका साथै महिलाविरुद्ध हुने हिंसाहरूमा कमी होस् भन्ने राष्ट्रिय महिला आयोगको चाहना छ।

**दीपेन्द्र काफ्ले**
सचिव

## मधेसी आयोग

२०१९ को मानव अधिकार स्थिति सम्बन्धमा यस संवैधानिक आयोगले आफ्नो ६ महिने यात्राका क्रममा सामाजिक, आर्थिक, सांस्कृतिक तथा नागरिक सम्बन्धमा समन्वय र सहकार्यका लागि कार्य गर्दै आएको छ। मधेसी समुदायको इतिहास र संस्कृतिको

पहिचान, हक/हितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि अहोरात्र ऐन र विधानअनुसार काम गर्दै आएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपमा यो समुदाय सनातनदेखि नै सुसम्पन्न भए तापनि केही अन्धविश्वास, कुरीति तथा सामाजिक न्यायलाई उचितरूपमा सुसम्पादन गर्न सकेको छैन।

यो संस्थासँग पनि आयोगको ऐनअनुसार समन्वय र सहकार्य गर्दै मुलुकको चौतर्फी विकास, सुशासन र समृद्धिका लागि कार्य गर्ने नै छ भनी जानकारी गराउन चाहन्छु। पर्यावरणीय समस्या अहिले धेरै जटिल हुँदै गएकाले यसतर्फ पनि यहाँको संस्थाको ध्यान जाओस् भनी आग्रह गर्छु।

**नीलकुमार फुयाल**
ना.सु.

## नेपाल बार एसोसिएसन

इन्सेकले सन् १९९२ देखि नियमितरूपमा नेपालको मानव अधिकारको स्थिति सम्बन्धमा अध्ययन/अनुगमनका माध्यमबाट सार्वजनिकीकरण गरिँदै आएको मानव अधिकार वर्ष पुस्तक समग्र मानव अधिकारको प्रस्ट सिङ्गो ऐनाका रूपमा चित्रित रहेको पाइन्छ।

बलात्कारलगायतका महिलाविरुद्ध हिंसाका घटनाहरू न्यूनीकरण भएका छन् तापनि जघन्य अपराधका रूपमा केही घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी अनुसन्धान गरी हिंसापीडित महिलालाई परिपुरणसहितको पुनर्स्थापना हुनुपर्नेमा हुन नसकेको देखिन्छ । महिलाका अधिकार सुनिश्चित गर्न तथा महिलाविरुद्धको हिंसा अन्त्यका लागि ठोस रणनीतिक योजना बन्न नसकेको देखिन्छ।

२०७५ साल भदौ १ गतेबाट पुरानो मुलुकी ऐनलाई प्रतिस्थापन गर्दै देवानी तथा फौजदारी संहिता जारी गरेको सन्दर्भमा नेपालमा मानव अधिकार संरक्षण र संवर्द्धनमा महत्वपूर्ण टेवा देखिन्छ। यी संहिताले मानव अधिकारका धेरै विकसित सिद्धान्तलाई आत्मसात गरेको भए तापनि कतिपय विषयमा अझै पनि अन्तर्राष्ट्रिय मान्यताबमोजिम परिमार्जन तथा संशोधन गर्नका लागि सन्तोषजनक कार्य भएको देखिएको छैन।

पर्याप्त आवासको अधिकार, सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग, श्रमिकको अधिकार, यातना तथा दुर्व्यवहार, सङ्क्रमणकालीन न्याय, दण्डहीनता र विभेदलगायका विषयमा नेपाल सरकारको ध्यान नपुगेको विषयमा अन्तर्राष्ट्रियस्तरका विभिन्न निकायले सचेतसमेत गराएको सन्दर्भमा मुलुकमा मानव अधिकार उल्लङ्घनको कारक नै उल्लेख गरी प्रतिवेदन सार्वजनिक भएका छन् । यस्ता प्रतिवेदनमा राज्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा पुरानै शैली देखिएको उल्लेख गरिएको छ । सशस्त्र द्वन्द्वका घटनालाई यथोचित सम्बोधन नगरिनुले नेपालको मानव अधिकारको स्थिति कतै नकारात्मक विन्दुतर्फ उन्मुख भएको त छैन भन्ने शङ्काको सुविधा हामी सबैलाई प्राप्त भएको छ।

शान्ति प्रक्रियाको लामो समयसम्म पनि सङ्क्रमणकालीन न्याय प्रक्रियाको टुङ्गो लाग्न नसक्नु, जातीय भेदभाव कायमै रहनु, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनु, पीडितको न्यायमा पहुँच सहजरूपमा सुनिश्चित हुन नसक्नु, प्रहरी हिरासतमा हुने यातना, दश वर्षे सशस्त्र द्वन्द्वपीडितले हालसम्म पनि न्याय र परिपूरण प्राप्त गर्न नसक्नु, सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरी उजुरी मात्र सङ्कलन गरी अन्य काम तथा घटनाको छानबिन गर्न नसक्नुले नेपालमा मानव अधिकारको स्थिति अब्बल छ भन्न सकिने अवस्था छैन।

संविधानप्रदत्त मौलिक हक विपरीत राजनीतिक दलका नेता, पत्रकार, विद्यार्थीलाई विचार र आस्थाकै भरमा झुटा मुद्दा चलाउने, गैरकानुनी थुनामा राख्ने र सम्मानित सर्वोच्च अदालतसमेतबाट बन्दी प्रत्यक्षीकरणको आदेश जारीपश्चात पनि अदालत परिसरबाट पटकपटक पक्राउ गरिने कार्यले मानव अधिकार र कानुनी शासनको उपहास भएको, त्यस्तो कार्यमा संलग्न अधिकारीहरूलाई उत्तरदायी बनाउन नसकेको, राजनीतिक दलका कार्यकर्ता कुमार पौडेलको सर्लाहीमा भएको हत्यामा संलग्नहरूलाई कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोगबाट गरिएको सिफारिस कार्यान्वयन नभएकोमा नेपाल बार एसोसिएसनले डिसेम्बर १० मा बुटवलमा भएको राष्ट्रिय सम्मेलनबाट घोषणापत्र नै जारी गरेको प्रसङ्गसमेत यहाँ उल्लेख गर्न वाञ्छनीय देखिन्छ।

संविधानले स्वीकार गरेका कानुन व्यवसायीको अधिकारको पूर्णतः सम्मान गर्नुपर्ने र सुनुवाइको हरेक तहमा अर्थात अनुसन्धानदेखि सजाय निर्धारणसम्म कानुन व्यवसायीको प्रभावकारी प्रतिनिधित्व अनिवार्य हुनुपर्ने व्यवस्था सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्नका लागि आगामी वर्षका गतिविधि लक्षित हुने कुरामा विश्वास राख्छ।

सन् २०१९ को अन्त्यसँगै वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रपूर्वक भेला हुन पाउने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार, प्रेस स्वतन्त्रतासमेतका विषयमा अङ्कुश लगाउने धेयका साथै केही विधेयक तर्जुमा तथा प्रस्तुत भएका जानकारीमा आएका हुँदा यस्ता किसिमका विधेयक कानुनका रूपमा कार्यान्वयन भई हाम्रासामु आएमा पक्कै पनि नेपालमा मानव अधिकारको दुष्टिबाट शोभनीय देखिँदैन भने संवैधानिक हक अधिकारमा समेत अङ्कुश लाग्छ भन्ने नेपाल बार एसोसिएसनको धारणा छ।

राज्यको कानुनको पालना सबै नागरिकले गर्नुपर्छ। जो/कोही व्यक्तिले पनि कानुनद्वारा निषेधित कार्य गरेमा कानुनबमोजिम अनुसन्धान गर्ने, मुद्दा दायर गर्ने कुरामा कसैको विमति रहन सक्दैन। कसुर/अपराधजन्य कुरामा संलग्न नभएको, आफ्नो व्यावसायिक काम फिराद तथा प्रतिउत्तर प्रमाणित गरेको तथा नियमावली प्रमाणित तथा कागजात प्रमाणित गरेकै आधारमा कानुन व्यवसायीहरूलाई सरोकारवाला बनाइ मुद्दा दायर गर्नेसम्मका कार्य यस वर्ष हुन पुग्यो जो ज्यादै भर्त्सनायोग्य कार्य भएको नेपाल बार एसोसिएसनको ठहर रहेको छ।

अन्त्यमा, मानव अधिकार रक्षाको कार्य कुनै एक व्यक्ति/एक निकाय/सरकारबाट मात्रै सम्भव नहुने हुँदा मानव अधिकारको उच्चतम सम्मानका लागि प्रत्येक तह, तप्का र प्रत्येक नागरिक आफैँ जागरुक भई लाग्नुपर्ने अवस्था विद्यमान छ।

**लीलामणि पौडेल**
महासचिव

## गृह मन्त्रालय

**क. आर्थिक वर्ष २०७५/२०७६**

१. आर्थिक वर्ष २०७५/२०७६ को स्वीकृत वार्षिक विकास कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेशका १/१ जिल्लामा सञ्चालन गर्नुपर्ने मानव अधिकार प्रवर्धनसम्बन्धी गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरू प्रदेश १ को उदयपुर, प्रदेश २ को सिरहा, बागमती प्रदेशको दोलखा, गण्डकी प्रदेशको स्याङ्जा, प्रदेश ५ को दाङ, कर्णाली प्रदेशको मुगु र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा गरेको। यसका अतिरिक्त झापा जिल्लामा थप एक गोष्ठी/अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न भएको।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (अनुबन्ध) International Convenant on Civil and Political Rights (ICCPR) को आवधि प्रतिवेदन तयार गर्ने कार्यअन्तर्गत प्रतिवेदन तयारी मूल समिति र उपसमिति गठन भई प्रारिम्भक कार्य सुरुवात गरिएको।

३. Convention Against Torture (CAT) सम्बन्धी तेस्रो, चौथो, पाँचौं, छैटौं र सातौं आवधिक प्रतिवेदन तयार गरी संयुक्त राष्ट्र सङ्घमा पठाउने प्रयोजनका लागि नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रतिवेदनसहित प्रस्ताव पेश गरिएको।

४. बहुराष्ट्रिय सङ्गठित अपराधविरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिअन्तर्गत मानव बेचबिखन खासगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख २,००० (Palermo Protocol) मा नेपालले सम्मिलन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृति लिने कार्य सम्पन्न गरी संसद्को अनुमोदनका लागि सङ्घीय संसद् सचिवालयमा प्रतिवेदनसहित प्रस्ताव दर्ता भएको।

५. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही हुन र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत वा सोझै राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम मानव अधिकार उल्लङ्घन घटनाका दोषीउपर कारबाहीका लागि सम्बन्धित मातहत निकायहरूमा पठाएको र पीडितलाई स्वीकृत मापदण्डको परिधिभित्र रही निकाशा भएबमोजिमको क्षतिपूर्ति उपलब्ध गराइएको।

**ख. आर्थिक वर्ष २०७६/२०७७ को पुस मसान्तसम्म**

१. आर्थिक वर्ष २०७६/२०७७ को स्वीकृत वार्षिक विकास कार्यक्रमअन्तर्गत देशका सात ओटै प्रदेशका १/१ जिल्लामा सञ्चालन गर्नुपर्ने मानव अधिकार प्रवर्धन गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरूमध्ये प्रथम चौमासिक अवधि प्रदेश १ को खोटाङ जिल्लामा २०७६ कात्तिक महिनामा र प्रदेश ५ को अर्घाखाँची जिल्लामा २०७६ पुसमा

सम्पन्न गरिएका साथै बाँकी पाँच ओटा कार्यक्रमहरू पनि यसै आर्थिक वर्षभित्र सञ्चालन गरिने लक्ष्य रहेको ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत पेश हुने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र International Convenant on Civil and Political Rights (ICCPR) को गृह मन्त्रालयद्वारा तयार गरिएको आवधिक प्रतिवेदनको मस्यौदाउपर विभिन्न संवैधानिक निकाय, मन्त्रालय, कार्यालय तथा सङ्घ/संस्थाहरूबाट राय/प्रतिक्रिया लिने कार्य भइरहेको र यसलाई छिटै नै अन्तिम रूप दिने तयारीमा रहेको ।

३. मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनामा संलग्न दोषीहरूउपर कारबाही हुन पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत वा सोझै राष्ट्रिय मानव अधिकार आयोगबाट निर्णय/निर्देशन भई आएबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने गरिएको ।

**चन्द्रप्रसाद बस्याल**
शाखा अधिकृत

## नेपाली सेना

१. नेपाली सेना नेपालको संविधान, कानुन तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमा राज्यले व्यक्त गरेको प्रतिबद्धताबमोजिम मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सर्वमान्यतालाई पूर्णरूपमा पालना गर्न सदैव प्रतिबद्ध छ ।

२. नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यावसायिक सेनाका रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप नेपालको संविधान र सैनिक ऐन, २०६३ बाट निर्दिष्ट भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने सबै तालिममा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय समावेश गरी सकल दर्जाहरूलाई प्रशिक्षत गराउँदै आइरहेको छ ।

३. श्री प्रधानसेनापतिज्यूको कमान्ड मार्गनिर्देशन कार्यान्वयनका सन्दर्भमा नेपाली सेनाका सकल दर्जाहरूलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा जानकारी गराउन प्रत्येक ३/३ महिनामा एक पटक सबै युनिटमा कक्षा सञ्चालन गर्ने निर्देशन भएबमोजिम सोसम्बन्धी विषयमा कक्षा सञ्चालन गरी हालसम्म करिब ४२ हजार ५ सय ३३ जना सैनिक व्यक्तिहरूलाई प्रशिक्षित गराइएको ।

४. नेपाली सेना र International Committee of Red Cross (ICRC) को सहकार्यमा २०७६ मङ्सिर महिनामा Advance Level sf] Law of Armed Conflict (LOAC) तालिम सञ्चालन भएको ।

५. नेपाली सेनाको सबै तालिम पाठ्यक्रममा मानव अधिकारसम्बन्धी विषय अनिवार्यरूपमा समावेश गरिएको हुँदा नेपाली सेनाका शतप्रतिशत सकल दर्जाहरू मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयमा प्रशिक्षित भइसकेका छन् ।

६. अन्त्यमा, मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा क्रियाशील संस्थाको प्रगतिको कामना गर्दै मानव अधिकार वर्ष पुस्तक २०२०? प्रकाशित हुन लागेको सन्दर्भमा नेपाली सेना शुभकामना व्यक्त गर्छ ।

**महेन्द्रजङ्ग शाह (पिएचडी)**
प्राड महासेनानी, नि. निर्देशक

## नेपाल प्रहरी

राज्यले नागरिकको मानव अधिकार रक्षाका लागि विभिन्न क्रियाकलाप अख्तियार गरेसँगै मानव अधिकारका मूल्य/मान्यता र स्थापित सिद्धान्तलाई संविधानको मौलिक हकमा समावेश गरेर त्यसको प्रभावकारी कार्यान्वयनबाट सुशासन र समृद्धि हासिल गर्ने सिलसिलामा नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ । यसै सन्दर्भमा विभिन्न प्रवर्द्धनात्मक तथा सूचनात्मक क्रियाकलापद्वारा मानव अधिकारको संरक्षण र परिपूर्तिको नेपाल प्रहरीको दायित्वमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले पुऱ्याएको योगदान महत्वपूर्ण रहेको छ ।

मानव अधिकारको संरक्षण, प्रवर्धन र परिपूर्ति गर्ने सिलसिलामा नेपाल प्रहरीले नागरिकलाई आफ्ना

अधिकारहरूको निर्बाध उपभोग गर्ने वातावरण निर्माण गराउन विभिन्न Proactive and reactive approach अवलम्बन गरेको छ। कानुनको सम्मानपूर्वक पालना गर्ने/गराउने वातावरण भएमा मात्रै अधिकारको निर्बाध उपभोग र कर्तव्यको पालना सम्भव हुन्छ। यसका लागि नेपाल प्रहरीले आफूलाई सदैव चुस्त, प्रभावकारी र तत्पर राख्दै साझेदार, सङ्घ/संस्था अधिकारकर्मी तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य र समन्वयलाई उच्च प्राथमिकतामा समेत राखेको छ।

नागरिकका अधिकारहरू स्थापित र उपभोग गराउने कार्यलाई सीमित मानव स्रोत र भौतिक स्रोतले निश्चय पनि चुनौतीपूर्ण बनाउँछ। त्यसमाथि सूचना, सञ्चार र सञ्जालमा रमाउने नयाँ पुस्ता र उनका असीमित आवश्यकता र चाहनाले यो कार्य थप चुनौतीपूर्ण बन्दै गएको छ। यस्तो परिवेशमा नागरिकका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्न र यस्तो कार्य सम्पादन गरिरहँदा आफूबाट समेत मानव अधिकारको मूल्य/मान्यता र सिद्धान्तलाई उदाहरणीयरूपमा अवलम्बन गर्न तथा मानव अधिकार उल्लङ्घन हुन नदिन प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा २०५९ माघ २ गते 'मानव अधिकार उल्लङ्घन अनुगमन इकाइ' को स्थापना भएको हो। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकारमैत्री बनाउने लक्ष्यका साथ प्रदेशस्तरमा मानव अधिकार शाखा र प्रत्येक जिल्ला प्रहरी कार्यालयमा सम्पर्क अधिकृतको व्यवस्था गरेर अनुगमन, अनुसन्धान, तालिम तथा सजाय र पुरस्कारको माध्यमबाट प्रहरी कर्मचारीबाट हुन सक्ने मानव अधिकार उल्लङ्घनलाई निरुत्साहित गर्दै नागरिकका अधिकार संरक्षणलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले मानव अधिकार उल्लङ्घनमा Zero Tolerance को नीति अख्तियार गरेको छ।

मानव अधिकारको संवेदनशीलतालाई उच्च प्राथमिकतामा राखेर यसको कार्यान्वयनको प्रभावकारी प्रतिफल प्राप्त गर्न नेपाल प्रहरीले संरक्षण, सम्बर्द्धन/प्रवर्द्धन र परिपूर्तितर्फ गत आर्थिक वर्षमा निम्नबमोजिम कार्य सम्पादन गरेको छ :

**१. मानव अधिकार संरक्षणतर्फ**

**(क) सुरक्षा र संरक्षण**

आफ्नो अधिकारको प्रयोग अन्य व्यक्तिको अधिकारको हनन् नहुने गरी हुनुपर्ने, कानुनले तोकेबमोजिमको क्रियाकलाप मात्र गर्नुपर्ने, मानव अधिकारको सिद्धान्तअनुरूप समाजमा शान्ति सुरक्षा तथा सार्वजनिक मर्यादालाई अक्षुण राख्न प्रहरी अहोरात्र कर्तव्यरत रहँदै पीडितको सुरक्षा, साक्षीको सुरक्षा, महिला तथा बालबालिका संरक्षण, असहाय तथा सडकमा अलपत्र वृद्ध/बालबालिकाको उद्धारका साथै विपद्को समयमा उद्धार तथा अन्य व्यवस्थापन गरी नागरिकलाई सबै परिस्थिति र अवस्थाहरूमा सुरक्षा र संरक्षण प्रदान गरिएको।

**(ख) कार्यान्वयन**

अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेश कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन तथा आवश्यक अनुसन्धान एवम् छानबिन गरी भइआएका आदेशहरूको कार्यान्वयन गर्नुका साथै मातहत कार्यालयहरूलाई प्रहरी प्रधान कार्यालयबाट मानव अधिकारका सिद्धान्त कार्यान्वयन सम्बन्धमा समेत यथोचित निर्देशन गरेको। यसरी अतिरिक्त प्रहरी कार्यालयहरूका लागि विशेष प्रशिक्षणलाई प्राथमिकतापूर्वक सञ्चालन गरिएको।

**(ग) उजुरी छानबिन तथा अनुसन्धान**

टेलिफोन, इमेल, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक मिडियामार्फत गुनासो गर्न सक्ने प्रावधान मिलाइएको साथै प्रहरी एकाइहरूमा सबैले दख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको। प्राप्त उजुरी, अन्यत्रबाट प्राप्त सिफारिस, पत्रपत्रिका तथा अन्य विविध स्रोतबाट प्राप्त सूचनाका आधारमा अनुसन्धान, छानबिन तथा दोषी देखिएमा प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्ने गरिएको। साथै, आ. व. २०७५/०७६ मा ६३ जना गरी हालसम्म ७८० जना प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएको।

**(घ) अनुगमन**

यस इकाइ, प्रदेशस्थित मानव अधिकार शाखा तथा जिल्लास्थित सम्पर्क अधिकृतहरूबाट समय/समयमा विषयवस्तु तथा घटनाक्रमको गाम्भीर्यलाई आधार मानी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति, Principle of Rule of Law को अनुशरण, Doctrine of Fair Trail को अवलम्बन तथा गुनासो सुनुवाइको अवस्था, मानव

अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको प्रगतिबारे अनुगमन गर्ने गरिएको । अनुगमनको दौरान प्रहरी एकाइहरूलाई स्थानीयताका आधारमा सेवा प्रवाहलाई थप मानव अधिकारमैत्री एवम् पीडितमैत्री बनाउन प्रोत्साहन गर्दै निर्देश दिने गरिएको ।

**(ङ) अपराध रोकथाम**

प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरुत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकार संरक्षण गरिएको ।

**(च) Human Rights Vetting**

वैदेशिक तालिम, युएन शान्ति मिसन, कर्मचारी कल्याण सुविधा, सरुवा, बढुवा, पदक तथा पुरस्कार प्रदान गर्दा वा अन्य अवसर दिँदा मानव अधिकार उल्लङ्घन गरे/नगरेको Vetting गर्ने गरिएको । मानव अधिकारको संवेदनशीलतालाई उच्च प्राथमिकतामा राख्दै मानव अधिकार र मानवीय कानुन उल्लङ्घनमा सजाय नपाएको हुनुपर्ने गरी प्रहरी कर्मचारी नयाँ भर्ना छनोटको चरणमा नै आवेदन फारमको बुँदा नं. ५(३) मा प्रावधान राखिएको ।

**२. मानव अधिकार प्रवर्द्धनतर्फ**

नागरिकको मानव अधिकारको संरक्षण, संवर्द्धन तथा परिपालनालाई प्रभावकारी बनाउँदै प्रहरी कर्मचारीबाट समेत कर्तव्य पालनाको सिलसिलामा मानव अधिकार उल्लङ्घन हुन नदिन सरकारी निकायहरू, सरोकारवाला निकाय गैरसरकारी संस्थाहरू, अधिकारकर्मी, कानुन व्यवसायी, पीडित, साक्षी, अन्य सम्बन्धित व्यक्ति तथा सङ्घ/संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने गरिएको ।

**(क) तालिम**

समग्र प्रहरी सङ्गठनलाई मानव अधिकारमैत्री बनाउँदै नागरिकको अधिकार सुरक्षित गर्न प्रहरी कर्मचारीलाई दक्ष, प्रतिबद्ध एवम् व्यावसायिक बनाउन सम्पूर्ण आधारभूत तथा उन्नत तालिमको पाठ्यक्रममा मानव अधिकार विषयमा अनिवार्य गरिएको । नेपाल प्रहरीभन्दा बाहिरबाट राष्ट्रिय मानव अधिकार आयोग, सरकारी वकिल, कानुनविद्, शिक्षण पेशामा आबद्ध, विषय सम्बन्धित दक्ष विशेषज्ञहरूबाट समेत प्रशिक्षण प्राप्त गरी सि.प्र.अ./जु.प्र.अ. का लागि पाँच दिने तथा प्र.ह./प्र.ज. का लागि तीन दिने मानव अधिकार उन्नत तालिम दिने गरिएको । चालु आ. व. मा ६० जना तथा हालसम्ममा जम्मा २०३८२ जना प्रहरी अधिकृत तथा जवानलाई मानव अधिकार तालिम प्रदान गरिसकिएको ।

**(ख) प्रोत्साहन तथा पुरस्कार**

प्रहरी कर्मचारीलाई मानव अधिकारका मूल्य र मान्यताप्रति अझ बढी संवेदनशील भई कार्य गर्न तालिमका अलावा वृत्ति विकासका अवसरहरू, यु.एन. मिसन, सम्मान कदरपत्र तथा पुरस्कारद्वारा प्रोत्साहन गर्ने गरिएको । चालु आर्थिक वर्षमा २५८२ जना प्रहरी कर्मचारीलाई पुरस्कृत गरिसकिएको ।

**(ग) विविध कार्यक्रम सञ्चालनतर्फ**

समुदाय–प्रहरी साझेदारी कार्यक्रममार्फत देशभर स्थानीय निकाय र सरोकारवाला निकायसहित सम्मिलित २४५४३ वटा समिति गठन गरी स्थानीय निकाय तथा सरोकारवालाहरूको सहकार्यमा जम्मा ६६,५३१ वटा कार्यक्रम सम्पन्न गरी सचेतना गरिएको । यसबाट ९८,१०,५६७ आमनागरिक लाभान्वित भएका । छाउपडी, बोक्सीको आरोप, दाइजो, छुवाछूत जस्ता विकृतिविरुद्ध कार्यक्रमहरू गर्नुका साथै स्कुल तथा समुदाय सचेतना शिक्षा कक्षा सञ्चालन गरिएको । प्रहरी मेरो साथी, टोल टोलमा प्रहरी, प्रहरी–नागरिक हातेमालो, Service with Smile कार्यक्रम, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमको माध्यमबाट सधैँ जनतामाझ रहेको ।

**३. मानव अधिकार परिपूर्तितर्फ**

(क) उपलब्ध सीमित भौतिक तथा मानव स्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई राहत/क्षतिपूर्ति एवम् पीडकलाई कसुरको दायित्व बहन गराउँदै नागरिकको हनन भएका अधिकार परिपूर्तितर्फ सफलता मिलेका कारण नेपाल प्रहरी गत वर्षमा थप विश्वसनीयता बढाउन सफल भएको छ ।

पीडक जस्तोसुकै हैसियतको भए तापनि कानुनी कारबाहीको दायरामा ल्याएका कारण आर्थिक अपराधको अनुसन्धानमा सम्पत्ति शुद्धीकरण विभाग, Financial Intelligence Unite (FIU) र नेपाल प्रहरीको बीचमा जटिल प्रकृतिका मुद्दाहरू अनुसन्धानमा नेपाल प्रहरी सहभागी हुने गरी मिति २०७६ पुस १६ गते र

वैदेशिक रोजगार अपराधको अनुसन्धानमा श्रम विभाग र नेपाल प्रहरीको बीचमा मुद्दाहरूको अनुसन्धानमा नेपाल प्रहरी सहभागी हुने गरी मिति २०७६ पुस २७ गते नेपाल प्रहरीको मानव बेचबिखन ब्युरोसँग समझदारी भएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्बाट ललिता निवास जग्गा प्रकरण जस्तो उच्च प्राथमिकताको मुद्दाको अनुसन्धान गर्न जिम्मेवारी दिइएको । साथै उच्च महत्वका मुद्दाहरू रौतहट हत्या प्रकरण तथा रोशनी शाही मामिलामा समेत प्रभावकारी प्रहरी कार्यद्वारा अधिकार परिपूर्तितर्फ नेपाल प्रहरीले थप विश्वसनीयता प्राप्त गरेको।

(ख) सम्मानित अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक/अर्धन्यायिक निकायहरूबाट भएका निर्णय/फैसलाहरूको तत्काल प्रभावकारी फैसला कार्यान्वयन गरिएको।

अतः नेपाल प्रहरी र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सहकार्य आगामी दिनमा अझ बढी प्रगाढ र फलदायी हुनेछ भन्ने अपेक्षासाथ मानव अधिकारको संरक्षण र परिपूर्तिको क्षेत्रमा मानव अधिकार प्रवर्धन कार्यमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई प्रभावकारी सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्छौं।

**शैलेश थापा क्षत्री**
प्रहरी नायव महानिरीक्षक

## सशस्त्र प्रहरी बल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा विगत लामो समयदेखि मानव अधिकार, सामाजिक न्याय, महिला तथा बालबालिकाको उत्थान, जातीय विभेद न्यूनीकरण, बेपत्ता पारिएका व्यक्तिहरूको पैरवी, प्रवासी कामदारहरूको हक/हित, दलित तथा वादी समुदायको उत्थान जस्ता क्षेत्रमा निरन्तर योगदान पुऱ्याउँदै आएको पाइएको छ। यस्तै गरेर मानव अधिकार उल्लङ्घन घटनाहरूका सन्दर्भमा द्वन्द्वपीडितहरूको हक/हित, न्याय तथा परिपूरणमा सहज पहुँच प्राप्तिका लागि इन्सेकले विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ। यस्तै कार्यक्रमहरूको निरन्तरतास्वरूप संस्थाद्वारा वार्षिक गतिविधिहरू समावेश गरिएको मानव अधिकार वर्ष पुस्तक २०२० प्रकाशनले मानव अधिकार संरक्षण र संवर्द्धन कार्यमा उल्लेखनीय आयाम थपिँदै जाने विश्वास गरेका छौं।

नागरिकको संविधानप्रदत्त मौलिक हक/अधिकार संरक्षणका लागि मानव अधिकार संवर्द्धन र प्रवर्धनका क्षेत्रमा आ नो व्यावसायिक दक्षताको विकास गराउँदै राज्यप्रदत्त कानुन पालन गर्न सशस्त्र प्रहरी बल, नेपाल कटिबद्ध छ । मानव अधिकार संरक्षणमा प्रभावकारिता ल्याउन यस सङ्गठनले मानव अधिकार उल्लङ्घनमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ।

राज्यमा शान्ति सुव्यवस्था कायम गर्ने सन्दर्भमा कानुन कार्यान्वयन गराउन बल प्रयोग गर्दा अनुचित बल प्रयोग नहोस् भन्ने हेतुले सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरूलाई संयुक्त राष्ट्रसङ्घको 'बल प्रयोगसम्बन्धी सिद्धान्त' मा आधारित रही प्रशिक्षण गराउदै आएको र साथै यस बलमा सञ्चालन हुने सबै प्रकारका तालिममा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयवस्तु अनिवार्यरूपमा समावेश गरी तालिम प्रदान गरिँदै आइरहेको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न एवं व्यवहारमा ढाल्न विविध प्रवर्द्धनात्मक गतिविधिहरू अगाडि बढाउनुका साथै मानव अधिकारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला गोष्ठी सञ्चालन गर्दै आइरहेको छ।

मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि सशस्त्र प्रहरी बल, नेपालले समय/समयमा मानव अधिकारसम्बन्धी विविध पक्षहरू समेटी जानकारीमूलक हातेपुस्तिका प्रकाशन गरी वितरण गर्दै आइरहेको र सो कार्यलाई निरन्तरता दिँदै हाल मानव अधिकार हाते पुस्तिका २०७६ प्रकाशन गरी सशस्त्र प्रहरी कर्मचारीहरूलाई वितरण गरिएको छ।

अन्तमा, मानव अधिकार स्थितिबारे सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिकरूपमा प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तक २०२० को सफलताको कामना गर्दै नागरिकको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्छौं।

**विदुर खड्का**
सशस्त्र प्रहरी उपरीक्षक

# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका साथै मानव अधिकारको क्षेत्रमा पनि क्रियाशील संस्था हो । यस परिप्रेक्ष्यमा मानव अधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाहरूको पहललाई पनि महासंघ सम्मान गर्दछ। मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्ने कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले विगतझैं यस वर्ष पनि मानव अधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०२०' प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहन्छु।

यस सन्दर्भमा नेपाल पत्रकार महासंघले पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ । महासंघले मानव अधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ।

महासंघको तथ्यांकअनुसार नेपालको सन्दर्भमा सन् २०१९ पत्रकारहरूका लागि सुखद् वर्ष रहेन। यो वर्ष पनि पत्रकारले पेशागत अभ्यासका क्रममा विभिन्न चुनौती, अवरोध र समस्याबाट गुज्रनु परेको छ। महासंघको अनुगमन डेस्कमा अभिलेख भएअनुसार सन् २०१९ जनवरी १ देखि डिसेम्बर ३१ सम्म ५० ओटा प्रेस स्वतन्त्रता हननका घटनाहरू भएका छन्। जसमध्ये १० जना पत्रकार पक्राउ परेका छन्। पक्राउ पत्रकारमध्ये तीन जनालाई प्रहरीले अल्पकालीन नियन्त्रणमा लिएको थियो भने सात जनालाई सार्वजनिक मुद्दा चलाइएको थियो। समाचार लेखेकै आधारमा प्रहरीले पक्राउ गरेको थियो।

यस्तै यो अवधिमा १५ जना पत्रकारमाथि आक्रमण भएको छ भने १० जना पत्रकारलाई धम्की दिइएको छ। महासंघको अभिलेखअनुसार समाचारको विषयलाई लिएर पत्रकारमाथि आक्रमण र धम्की दिने काम प्रहरी, राजनीतिक दल, जनप्रतिनिधि तथा सार्वजनिक निकायका जिम्मेवार व्यक्तिबाट हुने गरेको छ। यस्तै यो अवधिमा समाचारको विषयलाई लिएर ११ जना पत्रकारलाई दुर्व्यवहार गरियो भने एक जना पत्रकार विस्थापित भए। त्यस्तै यो अवधिमा मकवानपुरमा एक जना पत्रकारको हत्या भएको छ। लागु पदार्थ दुर्व्यसन गरिरहेका चार जना युवाको समुहले पत्रकार मनोहर ढकालको हत्या गरी अदालतको फैसलाअनुसार अपराधीहरू हाल जेलमा रहेका छन् । यस्तै समाचार संकलनकमा अवरोधका एक र पेसागत असुरक्षाको एक घटना भए। जसमा तीन/तीन जना पत्रकार पीडित भएका थिए।

यी अधिकांश घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता मानव अधिकार विरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू लगायतको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

**गोविन्द आचार्य**
अध्यक्ष